# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको
# कार्यक्रम प्रस्ताव आव्हान

प्रथम पटक प्रकाशित मिति : २०७८/०५/१५ गते

यस प्रतिष्ठानद्वारा आ.ब. २०७८/०७९ मा आदिवासी जनजातिहरूको उत्थान र विकास गर्ने उद्देश्यअनुरूप निम्नानुसारका क्षेत्रहरूमा कार्यक्रम सञ्चालन गर्ने भएकोले सो कार्य गर्न तपशिल बमोजिमका मापदण्डहरु भित्र पर्ने इच्छुक आदिवासी जनजाति संघ/संस्था र व्यक्तिबाट यस प्रतिष्ठानले तयार गरेको परियोजना प्रस्तावको ढाँचामा आफुले चाहेको कार्यक्रम रू.१,०००।- दर्ता शुल्क भुक्तानी गरेको बैंक भौचर संलग्न गरी मिति २०७८/०६/१८ गते भित्र यस प्रतिष्ठानको कार्यालयमा वा ईमेल ठेगाना mail@nfdin.gov.np मा कार्यक्रम परियोजना प्रस्ताव पेश गर्न आह्वान गरिन्छ ।

**कार्यक्रम परियोजना सञ्चालन गरिने क्षेत्रहरू :**

१. आदिबासी जनजातिहरूको संस्थागत तथा सामुदायिक भवन निर्माण कार्यक्रम ।
२. आदिबासी जनजातिहरू सम्बन्धी उत्कृष्ट ग्रन्थ र कृतिहरुको प्रकाशन कार्यक्रम ।
३. आदिवासी जनजातिहरुको विविध पक्षको खोज, अध्ययन अनुसन्धान ।
४. लोपोन्मुख तथा अति सिमान्तकृत जातिय संस्थाको लागि संस्थागत विकास कार्यक्रम ।

**प्रस्ताव पेश गर्ने मापदण्डहरू :**

१. परियोजना प्रस्ताव पेश गर्दा प्रतिष्ठानको वेभसाईट www.nfdin.gov.np बाट डाउनलोड गरी उक्त प्रस्ताव पत्रमा उल्लेख भएका सम्पूर्ण विवरणहरू स्पष्ट खुल्ने गरी भरेर परियोजना प्रस्ताव पेश गर्नु पर्नेछ ।
२. परियोजना नं. ४ अन्तरगत प्रस्ताव पेश गर्दा केन्द्रिय तहका सुचीकृत लोपोन्मुख तथा अतिसिमान्तकृत जातिय संस्थाहरुद्वारा मात्र प्रस्ताव पेश गर्न पाईनेछ ।
३. परियोजना पेश गर्ने सम्बन्धित संघ/संस्थाहरूले आफ्नो संस्थाको कागजातहरू (संस्थाको २०७९ साल असार मसान्तसम्म नवीकरण भएको प्रमाणपत्र, पान नम्बर, लेखा परीक्षण प्रतिवेदन, विधानको प्रतिलिपि, कार्यसमितिका पदाधिकारीहरूको नामावली, प्रस्ताव पेश गर्ने बारेमा कार्यसमितिले गरेको निर्णयको प्रतिलिपि) अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ ।
४. माथि प्रस्तावमा उल्लेखित समय अवधिभित्र पेश भएका परियोजना प्रस्तावहरू मात्र छनौटका निम्ति ग्राह्य हुनेछन् ।
५. अघिल्लो आर्थिक बर्षहरूमा बेरुजु रहेका र आवश्यक कागजपत्रहरू संलग्न नभएका संस्थाका प्रस्तावहरू छनौटमा समावेश हुने छैन ।
६. स्थलगत सर्वेक्षण गरी कार्यक्रमहरूको महत्व, सान्दर्भिकता र औचित्य हेरी प्राथमिकताको आधारमा प्रस्तावहरू छनौट गरिने भएकाले छनौट भएका संस्था, व्यक्तिहरूलाई मात्र सूचना दिइनेछ ।
७. अनुसन्धान र प्रकाशनको लागि प्रतिष्ठानको वेभसाईटमा राखिएको विषयवस्तु र थप मापदण्डहरू हेरी सोही बमोजिम प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।
८. परियोजना प्रस्ताव नं. १ सँग सम्बन्धित विषयमा पेश भएका परियोजना प्रस्तावहरूको साथमा स्थानीय तहको वा नेपाल सरकारको प्राविधिक/ईन्जिनियरले तयार गरेको जिल्ला दररेट अनुसारको लागत इस्टिमेट, दर विश्लेषण, भवनको नक्सा, लालपुर्जा र स्थानीय तहको सिफारिश थप पेश गर्नु पर्नेछ ।
९. प्रस्ताव दर्ता शुल्क भुक्तानीका लागि राष्ट्रिय वाणिज्य बैंक पुल्चोक शाखाको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको नाममा रहेको खाता नम्बर ११४०००१४०७०१ मा रकम जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ ।

**नोटः कोरोना भाईरस (कोभिड-१९) को कारणले प्रतिष्ठानको कार्यालयमा आउन नसक्नेहरुको लागि प्रस्तावहरु प्रतिष्ठानको ईमेल ठेगानामा विधुतीय माध्यमद्वारा पेश गरी पठाउनु पर्नेछ । यसको लागी प्रतिष्ठानको ईमेल ठेगाना mail@nfdin.gov.np मा कार्यक्रम प्रस्ताव सहित संस्थाको आवश्यक कागजातहरु र दर्ता शुल्क तिरेको बैंक भौचरको प्रतिलिपी कम्प्युटर स्क्यान गरी ईमेल मार्फत पेश गर्नु पर्नेछ ।**

**बिस्तृत जानकारीको लागिः**
**आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**
सानेपा, ललितपुर ।
फोन नं. ०१-५१८३१६५, ५१८३१७४
**website : www.nfdin.gov.np**
**email: mail@nfdin.gov.np**